Coca-Cola

# बोटलर्स नेपाल लिमिटेडका शेयरधनी महानुभावहरूलाई चौवालीसौं वार्षिक साधारण सभाको सूचना

मिति २०७९ साल मंसिर २ गते, बिहिबार (तदनुसार नोभेम्बर १८, २०२२) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको चौवालीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान**

- मिति : २०७९, पुष २७ गते (तदनुसार जनवरी ११, २०२३)
- समय : दिउँसो ०३:०० बजे ।
- स्थान : होटल र्‍याडिसन, लाजिम्पाट, काठमाण्डौ ।

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) प्रबन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा उपर छलफल गरी पारित गर्ने ।

ग) संचालक समितिको बैठक भत्ता वृद्धि गर्ने ।

घ) कम्पनीको नगद लाभांश वितरण गर्ने बारे (संचालक समितिले प्रति शेयर रु २०/- नगद लाभांश वितरण गर्न प्रस्ताव गरिएको) ।

**२. विशेष प्रस्ताव**

क) एकिकृत वित्तीय विवरण, सम्बत् २०७९ असार ३१ गतेसम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने ।

**(हालको लेखापरीक्षक श्री सी. एस. सी एण्ड को चार्टर्ड एकाउन्टेन्स् फर्म रजिष्ट्रेशन नं. ५७ पुन: नियुक्तिको लागी योग्य रहेको ।)**

**३. विविध**

द्रष्टव्य: चौवालीसौं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७९/०९/२० गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/१९ गते सम्म कारोबार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ लिमिटेडमा प्राप्त हुने शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ ।

संचालक समितिको आदेशानुसार

.............................

**प्रतीमा बर्मा**

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ । कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही प्रमाण खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेल मा अनुरोध गर्नु पर्नेछ ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत चन्द्र भास डङ्गोल chandra.dangol@nabilinvest.com.np वा नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ । कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

८. अन्य कुनै जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४४११६०४ ext. ११७ वा १५२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।